**नेपालको संविधान,2072 को धारा २७, सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नेपाली महावाणिज्यदूतावास, कोलकाताको स्वत: प्रकाशन (Proactive Disclosure)**

**२०८२ श्रावण - असोज**

**सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण**

**नेपाली महावाणिज्यदूतावास, कोलकाता**

**२०८२ कार्तिक**

## १. संक्षिप्त परिचय

कोलकातास्थित नेपाली महावाणिज्यदूतावास नेपालको सबैभन्दा पुराना कूटनीतिक नियोगहरूमध्ये एक हो। यस दूतावासबाट प्रमुख रुपमा नेपाली नागरिकहरू र विदेशीहरूलाई विभिन्न कन्सुलर सेवा, नेपाली नागरिकहरूलाई राहदानी जारी, आवश्यकता अनुसारका विभिन्न किसिमका सिफारिस पत्रहरू तथा नेपालीहरूलाई भारतमा कुनै पेशा, व्यवसाय, अध्ययन वा अन्य कुनै कानून बमोजिमका काम गर्नका लागि नेपाल सरकारको आपत्ति नरहरेको प्रमाणपत्र (No Objection Certificate) उपलब्ध गराउने तथा सरकारी कागजातहरूको प्रमाणीकरण, पश्चिम वंगाल क्षेत्रमा अलपत्र परेका नेपालीहरूको उद्धार तथा स्वदेश फिर्तीसम्बन्धी कार्यहरू सम्पादन गरिन्छ।

नेपालको व्यापारमा भारत र तेस्रो मुलुकबाट आयात हुने करिव दुई तिहाई वस्तुहरु भारतीय भूमिबाट हुन्छ। भारतको कोलकाता र विशाखापटनम गरि दुईवटा बन्दरगाहबाट मात्र सेवा उपलब्ध छ।यस मध्ये कोलकाता बन्दरगाहबाट दुई तिहाइ सामान नेपाल पैठारी हुन्छ। नेपालमा पैठारी हुने वस्तुहरु रासायनिक मल र नेपाल राष्ट्र बैकले विदेशमा छपाई गर्ने नोटहरु समेत कोलकाता बन्दरगाह हुदै नेपाल भित्रिन्छन्। व्यापार सम्बन्धमा No Objection Letter जारी गर्ने, व्यापार सहजीकरण, ढुवानी व्यवस्थापन र पश्चिम बंगालस्थित विभिन्न निकायहरुसंग समन्वय र सहकार्य गर्ने नियोगको भूमिका रहेको छ। नेपाल र भारतवीचको सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, व्यापारिक र कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउने जिम्मेवारी रहेको छ।

## २. कार्यक्षेत्र


नियोगको कार्यक्षेत्र पश्चिम बंगाल राज्यभर रहेको छ।

## ३. काम कर्तब्य र अधिकार

- ई-पासपोर्ट सेवा।
- भिषा सेवा।
- कागजात प्रमाणीकरण सेवा।
- वारेसनामा।
- एनओसी पत्र।
- उद्धार, राहत र स्वदेश फिर्ता।
- आर्थिक कूटनीति।
- व्यापार सहजीकरण।

## ४.   संगठन संरचना

यस नियोगको संगठन संरचना देहायबमोजिम रहेको छः



**५. नियोगका प्रमुख शाखा/ जिम्मेवार पदाधिकारी र सम्पर्क विवरण:**

| सि न | पद | नामथर | शाखा | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | महावाणिज्यदूत | श्री झक्कप्रसाद आचार्य | | +91 33 2456 1224 |
| २ | उप महावाणिज्यदूत | श्री जनकराज भट्ट | व्यापार | +91 33 2456 1224 (Extn. 202) |
| ३ | उप महावाणिज्यदूत | श्री गगन बहादुर बिके | भन्सार | +91 33 2456 1224 (Extn. 213) |
| ४ | वाणिज्यदूत | श्री टिकाराम उपाध्याय | प्रशासन-कन्सुलर | +91 33 2456 1224 (Extn. 203) |
| ५ | वाणिज्यदूत | श्री रोशन राई | व्यापार | +91 33 2456 1224 (Extn. 207) |
| ६ | उप वाणिज्यदूत | श्री सुवासचन्द्र वास्तोला | लेखा | +91 33 2456 1224 (Extn. 204) |
| ७ | उप वाणिज्यदूत | श्री सुरेश राज रेग्मी | कन्सुलर | +91 33 2456 1224 (Extn. 205) |

## ६. नागरिक वडापत्र

| क्र. सं. | सेवाहरू | चाहिने कागजातहरू | सेवा शुल्क भा.रू. | | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नयाँ राहदानी बनाउने | • रितपूर्वक भरिएको अनलाइन फारम।<br>• नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र प्रतिलिपि)।<br>• राजश्व भुक्तानी रसिद। | ३४ पाने | ७०००/- | राहदानीका आवेदन सोही दिन बुझिलिने। | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | राहदानी वितरण राहदानी विभागबाट प्राप्त भएपछि। |
| | | | ६६ पाने | १४०००/- | | | | |
| | | | १० वर्ष मुनिका नावालकहरुका हकमा | ३५००/- | | | | |
| २ | राहदानी नवीकरण | • रितपूर्वक भरिएको अनलाइन फारम।<br>• नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र प्रतिलिपि)।<br>• पुरानो राहदानी सक्कल<br>• राजश्व भुक्तानी रसिद। | ३४ पाने | ७०००/- | राहदानीका आवेदन सोही दिन बुझिलिने। | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | राहदानी वितरण राहदानी विभागबाट प्राप्त भएपछि। |
| | | | ६६ पाने | १४०००/- | | | | |
| ३ | हराएका, विग्रिएका, जलेका वा केरमेट भएका राहदानी नवीकरण | • रितपूर्वक भरिएको अनलाइन फारम।<br>• नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र प्रतिलिपि)।<br>• पुरानो राहदानी छाँया प्रति। | ३४ पाने | १४,०००/- | राहदानीका आवेदन सोही दिन बुझिलिने। | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | राहदानी वितरण राहदानी विभागबाट प्राप्त भएपछि। |
| | | | ६६ पाने | २८,०००/- | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | • राजश्व भुक्तानी रसिद। | | | | | | |
| ४ | एकातर्फि यात्रा अनुमतिपत्र | • रितपूर्वक भरिएको आवेदन फारम।<br>• नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानीको (सक्कल र प्रतिलिपि)।<br>• दुई प्रति फोटो<br>• राजश्व भुक्तानी रसिद। | ५० अमेरिकी डलर वरावर हुने भारतीय रूपैया | | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | उद्धार र स्वदेश फिर्तीका लागि यात्रा कागजात निःशुल्क। |
| ५ | पर्यटन प्रवेशाज्ञा | • रितपूर्वक भरिएको अनलाइन फारम।<br>• राहदानी सक्कल र छाँयाप्रति।<br>• राजश्व भुक्तानी रसिद।<br>• कन्सुलर अफिसरले आवश्यक ठानेको अन्य कागजात। | १५ दिन अवधिको<br>३० दिन अवधिको<br>९० दिन अवधिको | २,५००/<br>४,५००/<br>१०,५००/ | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | सार्क राष्ट्रका नागरिकहरू लाई प्रत्येक वर्ष एक पटकका लागि निःशुल्क। |
| 6 | कूटनीतिक/अफिसीयल भिसा: | • कूटनीतिक नोट वा आधिकारिक पत्र।<br>• रितपूर्वक भरिएको अनलाइन फारमको प्रति।<br>• पासपोर्ट सक्कल तथा प्रतिलिपि। | निःशुल्क | | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 7 | अधिकृत वारेसनामा | • रितपूर्वक भरिएको आवेदन फारम।<br>• नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र छाँयाप्रति)।<br>• योग्य कानूनी व्यवसायीद्वारा तयार पारिएको अधिकृत वारेसनामा दुई प्रति।<br>• राजश्व भुक्तानी रसिद। | अचल सम्पत्तिको हक हस्तान्तरण | तीन पुस्तासम्म | 312.50 | ३ घण्टाभित्र | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत | |
| | | | | तीन पुस्ता वाहेकमा | 3125/- | | | | |
| | | | अचल सम्पति वाहेकका वारे | | 312.50 | | | | |
| 8 | सहि तथा छाप प्रमाणीकरण | • आवेदन फारम।<br>• नेपाल सरकारको कन्सुलर सेवा विभाग वा भारतको विदेश मन्त्रालयको क्षेत्रिय सचिवालय, कोलकाताद्वारा प्रमाणीकरण गरिएको कागजातको सक्कल र छाँयाप्रति<br>• राजश्व भुक्तानी रसिद। | महत्वपूण घटना (जन्म, विवाह, मृत्यु, बसाइसराई) सँग सम्बन्धित | | 3,500/- | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |
| | | | महत्वपूण घटना (जन्म, विवाह, मृत्यु, बसाइसराई) वाहेकका | | 1,000/- | | | | |
| | | | शैक्षिक प्रमाणपत्रहरू | | 500/- | | | | |
| 9 | विवाहका लागि NOC | • आवेदन फारम।<br>• नेपालको कन्सुलर सेवा विभागद्वारा प्रमाणीकरण गरिएको | | | 1,000/- | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | अविवाहित प्रमाणपत्रको सक्कल र छाँयाप्रति<br>• राजश्व भुक्तानी रसिद। | | | | | |
| 10 | जो जससँग सम्बन्धित पत्र वा सिफारिस | • रितपूर्वक भरिएको आवेदन फारम।<br>• नेपाली राहदानी वा नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र छाँयाप्रति)।<br>• राजश्व भुक्तानी रसिद। | 1,000/-<br>शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित सिफारिसहरू 500/- | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |
| 11 | अंग प्रत्यरोपणका लागि सिफारिस | • रितपूर्वकको आवेदन<br>• नेपाल सरकारको कन्सुलर सेवा विभागद्वारा जारी सिफारिस पत्र।<br>• अंगदाता (Donor) र प्राप्तकर्ता (Receiver) दुबैको नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा राहदानी (सक्कल र प्रतिलिपि)।<br>• अंगदाता र प्राप्तकर्ताको फोटो टाँस गरिएको सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट जारी नाता प्रमाणित प्रमाणपत्र।<br>• नेपाल सरकारको स्वास्थ्य मन्त्रालयद्वारा जारी No Objection Letter।<br>• दाताद्वारा प्रदान गरिएको "स्वीकृति पत्र" (Consent Letter)।<br>• दाताको परिवारदले दिएको"स्वीकृति पत्र" (Consent Letter), जसमा उनीहरूलाई कुनै आपत्ति नभएको स्पष्ट उल्लेख गरिएको हुनुपर्नेछ। | निःशुल्क | ३ घण्टाभित्र | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 12 | बिरामी, असहाय व्यक्ति, र दिवंगत नेपाली नागरिकको सहायताको लागि भारत सरकारका सम्बन्धित निकायहरूलाई गरिने पत्राचार/ सिफारिस | • विश्वासिलो कारणसहितको निवेदन | निःशुल्क | एक घण्टाभित्र | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत | |
| 13 | भारत सरकारका सम्बन्धित निकायहरूलाई उद्धार, मानवीय सहायता, तथा आपत्कालीन दुर्घटनासम्बन्धी पत्राचार/सिफारिस | • विश्वासिलो कारणसहितको निवेदन | निःशुल्क | एक घण्टाभित्र | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत | |
| 14 | कोलकाता भन्सारमार्फत नेपालमा सामान आयात गर्न आवश्यक NOC | • आयातकर्ता/सीएचए (Customs House Agent) को घोषणा पत्र।<br>• नेपाल सरकारको वाणिज्य तथा आपूर्ति विभागबाट जारी NOC प्रमाणपत्र।<br>• बिल अफ लाडिङ (Bill of Lading)।<br>• व्यावसायिक वीजक (Commercial Invoice)।<br>• प्याकिङ सूची (Packing List)।<br>• उत्पत्तिको प्रमाणपत्र (Certificate of Goods Origin)।<br>• नेपाल सरकारको आयात इजाजतपत्र (Import License) को प्रतिलिपि।<br>• शुल्क छुटका लागि नेपाल सरकारको कन्सुलर सेवा विभागबाट जारी NOC। | निःशुल्क | कार्यालय समयभित्र | श्री रोशन राई, वाणिज्यदूत | श्री जनकराज भट्ट, उपमहावाणिज्यदूत | |
| 15 | अन्य पत्राचार वा सिफारिसहरू | • महावाणिज्यदूतावास कार्यालयमा उपलब्ध आवेदन फारम पूरा भरिएको। | शुल्क नेपाली राजदूतावास नयाँ दिल्लीले तोकेबमोजिम हुने | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |

## ७. ऐन/ नियमावली/ कार्यविधि/ निर्देशिका/ कार्यविधि:

**<u>ऐनः</u>**

- राहदानी ऐन, २०७६
- विदेशी राज्य र कूटनीतिक प्रतिनिधित्वको सुविधा तथा उन्मुक्ति ऐन, २०२७
- गैर आवाशीय नेपाली सम्बन्धी ऐन, २०६४

<u>नियमावली</u>

- राहदानी नियमावली, २०७७
- नेपाल परराष्ट्र सेवा सम्बन्धी नियमहरु, २०६८
- अवैतनिक नेपाली दुतावास सम्बन्धी नियमावली, २०३९
- कुटनीतिक आचारसंहिता,२०६८

**<u>निर्देशिका</u>**

- राहदानी निर्देशिका,२०६७
- आर्थिक कूटनीतिक सम्बन्धी कार्यक्रम निर्देशिका,२०७१
- विदेशस्थित कुटनीतिक नियोगमा काम गर्ने स्थानीय कर्मचारी व्यवस्थापन सम्बन्धी निर्देशिका,२०७२
- परराष्ट्र मन्त्रालय र अन्तरगतका विभाग कार्यालय तथा विदेशस्थित कुटनीतिक नियोगहरुको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०७२
- राजदूत नियुक्ति सम्बन्धी निर्देशिका,२०७५

**<u>कार्यविधि</u>**

- विदेशस्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि,२०७३
- विदेशस्थित नेपाली नियोग आर्थिक कार्यविधि,२०७९

## ८. निर्णय गर्ने प्रक्रिया र निर्णय उपर उजुरी सुन्ने अधिकारी

महावाणिज्यदूत श्री झक्कप्रसाद आचार्य

## ९. आ ब २०८२/८३ को कुल बजेट र खर्चको स्थिति

| सि.नं. | बजेट शीर्षक | वार्षिक बजेट रु. | असोज महिनासम्मको | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | निकासा रु. | खर्च रु. | बाँकि निकाशा रु. | बाँकी बजेट रु. | कैफियत |
| १ | चालू खर्च | ४४१४७००० | २५७००६०१.०८ | ९२६०४५७.२९ | १६४४०१४३.२९ | ३४८८६५४२.२१ | |
| २ | पूँजीगत | ७४५६००० | ० | 0 | ७४५६००० | ७४५६००० | निकाशा प्राप्त नभएको। |

## १०. राजस्व संकलनको स्थिति

| सि. नं. | विवरण | रकम भा.रु. |
|---|---|---|
| १ | पर्यटन प्रवेशाज्ञा (भिषा शुल्क) | १३५०० |
| २ | साधारण राहदानी जारी | ७००० |
| ३ | हवाई यात्रा अनुमतिपत्र | १४००० |
| ४ | शैक्षिक प्रयोजनार्थ कागजातहरू | १५०० |
| ५ | अन्य कन्सुलर सम्बन्धी कागजातहरू | ९००० |
| | जम्मा भा. रु. | ४५००० |

११. गुनासो व्यवस्थापनः

| यस अवधिमा प्राप्त गुनासो | फर्छ्यौट | बाँकि |
|---|---|---|
| छैन। | | |

## १२. नियोगबाट सम्पादित प्रमुख कार्यहरु:

यस महावाणिज्यदूतावासबाट २०८२ सालको श्रावण, भाद्र र आश्विन महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु देहाय अनुसार रहेका छन्।

### १. आर्थिक, व्यापारिक तथा कूटनीतिक गतिविधि

- Gelephu Roadshow 2025 (श्रावण १) मा नेपालका तर्फबाट वक्ताको रूपमा सहभागी भई नेपाल भारत-भुटानबीचको पूर्वाधार विकास, व्यापारिक कनेक्टिविटी र पर्यटन सहकार्यका सम्भावनाबारे प्रस्तुतीकरण दिइएको।
- Business Economics मासिक पत्रिकामा नेपाल-भारत सम्बन्ध र पर्यटन प्रवर्द्धनका विषयमा महावाणिज्यदूतको अन्तर्वार्ता प्रकाशन भएको।
- Nepal Freight Forwarders Association द्वारा काठमाण्डौंमा आयोजित २९औं कार्गो दिवसमा सहभागिता जनाई मन्त्रालयमा विस्तृत प्रतिवेदन प्रेषण गरिएको।
- Merchants Chamber of Commerce and Industry ले आयोजना गरेको Trade at Shyama Prasad Mukherjee Port Kolkata विषयक कार्यक्रममा सहभागी भई कोलकाता बन्दरगाहसँग सम्बन्धित समस्याहरू र पूर्वाधार सुधारका प्रस्तावहरू प्रस्तुत गरिएको।
- Confederation of Indian Industry द्वारा आयोजित Railway Summit 2025 मा नियोगका प्रतिनिधिको सहभागिता रहेको।
- Calcutta Chamber of Commerce ले दक्षिण अफ्रिकाका उच्च आयुक्तहरूको उपस्थितिमा आयोजना गरेको अन्तरक्रियात्मक कार्यक्रममा नेपालको पर्यटन र लगानी सम्भावनाबारे धारणा प्रस्तुत गरिएको।
- भारतको ७९औं स्वतन्त्रता दिवस तथा West Bengal Government र Governor Office द्वारा आयोजित समारोहमा नियोगको सहभागिता रहेको।
- West Bengal United Nations Association तथा Tagore Institute of Peace Studies द्वारा आयोजित कार्यक्रममा सहभागिता र विचार प्रस्तुत गरिएको।
- Consular Corps of Kolkata को नियमित बैठकमा सहभागिता।
- भारतको Visakhapatnam मा आयोजित East Coast Maritime Business Summit 2025 मा सहभागिता जनाई बन्दरगाह तथा भन्सार अधिकारीहरूसँग नेपालको अन्तर्राष्ट्रिय व्यापार सहज बनाउने विषयमा छलफल गरिएको।
- Chief Customs Commissioner Ramavath Srinivasa Naik सँग भेटघाट गरी नेपाल-भारत व्यापार र पारवहनका विषयमा समन्वय र सहजीकरणका विषयमा छलफल भएको।
- Indian Rail Vikas Nigam सँग नेपाल सरकारबीचको जग्गा साटफेर प्रयोजनका लागि नापी कार्य सम्पन्न भएको।
- नियोगले GST छुट सुविधा सम्बन्धी समस्याको समाधानका लागि Principal Chief Commissioner सँग छलफल गरी समाधान गरिएको।

**२. प्रवासी नेपाली, संस्कृति र जनसम्पर्क सम्बन्धी कार्य**

- प्रवासी नेपाली समुदायद्वारा आयोजना गरिएका तीज कार्यक्रमहरूमा सहभागिता जनाई नेपाली भाषा, संस्कृति, र राष्ट्रिय एकता प्रवर्द्धनबारे नियोगको धारणा प्रस्तुत गरिएको।
- कोलकातामा प्रवासी नेपालीहरूको पहलमा निर्माणाधीन पशुपतिनाथ मन्दिर निर्माण कार्यमा सहयोग र समन्वयका पहलहरू निरन्तर गरिरहेको।

- आदिकवि भानुभक्त आचार्यको २१२औं जन्म जयन्ती तथा युवाकवि मोतिराम भट्टको १५९औं जन्म जयन्ती कार्यक्रमहरूमा प्रमुख तथा विशेष अतिथिको रूपमा सहभागिता रहेको।
- भारत नेपाल जनसांस्कृतिक मञ्च, कोलकाताको वार्षिकोत्सवमा उपस्थिति जनाई नेपाली साहित्य, भाषा र सांस्कृतिक सम्बन्ध सुदृढीकरणका विषयमा धारणा प्रस्तुत गरिएको।
- कोलकातामा रहेका प्रवासी नेपालीहरूसँग नियमित सम्पर्क र सहकार्य कायम राखी, सामाजिक तथा धार्मिक एकतामा नियोगको भूमिका सुदृढ बनाइएको।

**३. प्रशासनिक, दूतावासीय तथा संस्थागत कार्य**

- आ.व. २०८१/८२ का कार्यहरूको समावेशसहितको वार्षिक प्रतिवेदन परराष्ट्र मन्त्रालयमा पेश गरिएको।
- हराएका र समस्यामा परेका नेपाली नागरिकहरूको उद्धार गरी सम्बन्धित परिवारलाई जिम्मा लगाइएको।
- नेपालमा उत्पन्न असहज परिस्थितिका कारण संविधान दिवस कार्यक्रम स्थगित गरिएपछि होटललाई भुक्तानी गर्नेपर्ने ठूलो रकम होटलको उच्च व्यवस्थापनसँग वार्ता गरी मिनाहा गराइएको।
- नियोग परिसर तीन दिनको बर्षाका कारण डुवान हुदाँ जीवन सुरक्षा र भौतिक सम्पत्तिको संरक्षण, खानेपानीको वैकल्पिक व्यवस्था र कार्य निरन्तरता सुनिश्चित गरिएको।
- नेपालमा राजनीतिक परिस्थिति सामान्य हुँदै गएपछि नेपाल भारत व्यापार पुनः सहज बनाउने उद्देश्यले कोलकाता पोर्ट, रेलवे र व्यवसायीहरूसँग छलफल गरी समन्वय गरिएको।
- प्रधानमन्त्रीज्यूको निर्देशनअनुसार विदेशस्थित नियोगहरूले गर्नुपर्ने कार्यान्वयनका बुँदाहरूमा नियोगबाट प्रारम्भिक कदम चालिएको।

**४. सञ्चार, पर्यटन प्रवर्द्धन र समन्वय कार्य**

- नेपालका पछिल्ला घटनाक्रमबारे मिडियासँग निरन्तर संवाद गरी पर्यटको लागि सामान्य भएको सूचना सम्प्रेषण गरिएको।
- **Buddha Air** को कोलकाता काठमाडौं साप्ताहिक नियमित उडान (आइतबार, मंगलबार, बिहीबार) शुरु हुन लागेको सूचना सम्प्रेषण र सरोकारवालाहरूसँग समन्वय गरिएको।
- नेपालमा भाद्र २३ र २४ गतेको जेनजी आन्दोलनको समयमा नियोगको सुरक्षाको लागि Kolkata Police बाट अतिरिक्त सुरक्षा प्रदान गरिएको।
- दशैं, तिहार, छठ र नेपाल सम्बतका अवसरमा नियोग परिसरमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रम गरिएको। यस कार्यक्रममा प्रवासी नेपाली, स्थानीय अधिकारी र मिडिया प्रतिनिधिहरूको सहभागिता रहेको।

**१. <u>सुशासन र सेवा प्रवाह सम्बन्धी</u>**

क. राहदानी संख्याः १

ख. यात्रु अनुमति पत्र (NOC) जारी संख्याः १४

ग. भिषा जारी संख्याः ३

घ. कन्सुलर कागजात प्रमाणिकरण संख्याः १२

ङ. सहजीकरण पत्र संख्याः ३

क. करार तथा ज्यालादारीमा कार्यरत नेपालीको उद्धारमा सहजीकरण सम्बन्धी/ अन्य उद्धारः भारतको पश्चिम बंगाल क्षेत्रमा हराई/वेपत्ता भई विभिन्न सेल्टर होमहरूमा रहेका देहायका नेपालीलाई महावाणिज्यदूतावाबाट उद्दार गरी काकडभिट्टा/पानी ट्याङ्की नाकासम्म पुऱ्याएर काकडभिट्टास्थित स्थानीय प्रहरीको रोहवरमा निजहरूका सम्बन्धित परिवारलाई जिम्मा लगाइएकोः

**विवरण**

| सि.न. | नाम | सेल्टर होम | अभिभावक | नेपालको ठेगाना |
|---|---|---|---|---|
| १ | सुम्निमा राई | निजोलय होम फर गल्स, जलपाइगुरी | रिशीभद्र राई | भोजपुर |
| २ | सुर्बी साह | न्यू भारती क्लव, एस एए, कोच विहार | मनोज साह | मोरङ |
| ३ | दिपीका मण्डल | सिएनसिपी गल्स होम, उत्तर दिनाजपुर | केशव मण्डल | झापा |
| ४ | सरविन्दर सिंह | सिआइएनआइ कोलकाता | बलराम सिंह र कुमारी सिंह | मोरङ |
| ५ | विपना वि.क. | प्रभुद्ध भारती शिशुतीर्थ शक्ति सदन होम | कल्पना सुनार | रुपन्देही |
| ६ | कपिला लिम्बु | एल्डन वयलकम्स होम, कोलकता | कल्पना लिम्बु | ताप्लेजुङ |

**२. <u>आयात/निर्यात तथा पारवहन सहजीकरणसम्बन्धी कार्यहरूः</u>**

| क्र. सं. | सेवाको विवरण | संख्या |
|---|---|---|
| 1 | Letter of Credit (LC) विना तेस्रो मुलुकबाट आयात भएका मालवस्तुहरु कोलकाता पोर्ट हुँदै नेपाल पठाउँदा महावाणिज्यदूतावासबाट जारी गरेको अनुमति पत्र (NOC) संख्या | **११७४** |

| | | |
|---|---|---|
| **2** | तेस्रो मुलुकबाट Letter of Credit (LC) मार्फत आयात गर्ने मालवस्तुहरूको नेपाल नेपाल राष्ट्र बैंकबाट प्राप्त विवरण कोलकाता भन्सार पठाइएको संख्या | **५६** |
| **3** | नेपाल राष्ट्र बैंकको नोट आयातको लागि दूतावासले जारी गरेको पत्र संख्या | **११** |

१३. प्रमुख र सूचना अधिकारी नाम र सम्पर्क नम्बर

- कार्यालय प्रमुखः श्री झक्कप्रसाद आचार्य
- सूचना अधिकारीः श्री टिकाराम उपाध्याय

**१४. वेब साइडको विवरणः**

नेपाली महावाणिज्यदूतावास कोलकाताः ccu.nepalcosulate.gov.np